पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास,धनकुटा
२०७३
१ नं. प्रदेश,नेपाल

प.सं:-२०७७/०७८ मिति:२०७७/०५/२९

च.नं.

**विषयः सूचना । सूचना ।। सूचना ।।।**

प्रस्तुत बिषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को (घ) बमोजिम स्थानीय तहलाई स्थानीय कर,सेवा शुल्क तथा दस्तुरहरु लिन पाउने कानुनी अधिकार रहेकोले उक्त कानुनको अधिनमा रहि यस नगरपालिकाको नगरसभाबाट स्वीकृत आर्थिक ऐनले निर्दिष्ट गरेका सम्पत्ति कर वा मालपोत तथा भूमिकर,घरबहाल कर,सवारीसाधन कर,सेवा शुल्क दस्तुर,पर्यटन शुल्क,विज्ञापन कर,व्यबसाय कर,मनोरञ्जन कर,पार्किङ्ग शुल्क र घर नक्सा पास दस्तुर जस्ता कर तथा शुल्कहरु बुझ्दै आएकोमा मिति २०७७ भाद्र २७ गतेको पाख्रीबास नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट कोभिड-१९(कोरोना भाइरस) को संकटबाट यस नगर क्षेत्रभित्र रहेका व्यवसायहरुमा कर तथा राजश्व बुझाउन समस्या रहेकाले देहाय बमोजिमका शीर्षकहरुमा देहाय बमोजिमको छुट गर्ने निर्णय भएकोले कर तथा शुल्क बुझाउन बाँकी रहेका व्यवसायीहरुलाई २०७७ साल पुष मसान्त सम्ममा नगरपालिकालाई बुझाउनु पर्ने कर तथा राजश्व बुझाई मौकाको फाइदा लिनुहुन अनुरोध छ।

निम्न

१, नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा ३०% छुट दिइने,

२, व्यवसायको अघिल्ला आ.व.हरुको बाँकी बक्यौताको जरिवाना रकममा ८०% छुट दिइने,

३, गोलिया र फेन्टा काठ निकासीमा हालको मूल्यको दररेटमा ६०% छुट दिइने,

४, बाँस निकासीमा हालको मूल्यको दररेटमा ५०% छुट दिने,

५, सम्पत्ति कर वा मालपोत तथा भूमिकरको गत आ.व.को जरिवानामा ८०% छुट दिइने

(डिकबहादुर राई)

प्रमुख प्रशासकीय अधिकृत

उप-सचिव

प्रमुख प्रशासकीय अधिकृत